२०७१ फाल्गुन २६ मंगलबार १०-०३-२०१५ ओम् शान्ति प्रातः मुरली "बापदादा" मधुबन

"मीठे बच्चे– प्रीत र विप्रीत, यी प्रवृत्ति मार्गका अक्षर हुन् । अहिले तिम्रो प्रीत एक बाबासँग भएको छ, तिमी बच्चाहरू निरन्तर बाबाको यादमा रहन्छौ ।"

प्रश्नः– यादको यात्रालाई अर्को कुनचाहिँ नाम दिन सकिन्छ ?

उत्तरः– यादको यात्रा प्रीतको यात्रा हो । विप्रीत बुद्धिवालासँग नाम-रूपमा फँस्ने दुर्गन्ध आउँछ । उनको बुद्धि तमोप्रधान हुन्छ । जसको प्रीत एक बाबासँग छ उनीहरूले ज्ञानको दान गरिरहन्छन् । कुनै पनि देहधारीसँग उनको प्रीत हुन सक्दैन ।

गीतः– यह वक्त जा रहा है...

ओम् शान्ति । बाबाले बच्चाहरूलाई सम्झाइरहनुभएको छ । अब यसलाई यादको यात्रा पनि भन्न सकिन्छ भने प्रीतको यात्रा पनि भन्न सकिन्छ । मानिसहरू त ती यात्राहरूमा जान्छन् । यी जुन रचना हुन् तिनको यात्रामा जान्छन्, भिन्न-भिन्न रचना छन् नि । रचयितालाई त कसैले पनि जान्दैनन् । अहिले तिमीले रचयिता बाबालाई जान्दछौ, उहाँ बाबाको यादमा तिमीले कहिल्यै पनि रोकिनु हुँदैन । तिमीलाई यात्रा मिलेको छ यादको । यसलाई यादको यात्रा अथवा प्रीतको यात्रा भनिन्छ । जसको अधिक प्रीत हुन्छ उनीहरूले यात्रा पनि राम्रो गर्छन् । जति प्यारले यात्रामा रहन्छन्, त्यति पवित्र पनि बन्दै जान्छन् । शिव भगवानुवाच हो नि । विनाश कालमा विप्रीत बुद्धि र विनाश कालमा प्रीत बुद्धि हुन्छन् । तिमी बच्चाहरू जान्दछौ– अहिले विनाशकाल हो । यो त्यही गीता अध्याय (एपीसोड) चलिरहेको छ । बाबाले श्रीकृष्णको गीता र त्रिमूर्ति शिवको गीताको भिन्नता पनि बताउनुभएको छ ! अब गीताका भगवान् को हुनुहुन्छ ? परमपिता शिव भगवानुवाच । केवल शिव अक्षर लेख्नु छैन किनकि शिव नाम पनि धेरैका छन् । त्यसैले परमपिता परमात्मा लेख्नाले उहाँ परम (सुप्रीम) हुनु भयो । परमपिता त कसैले पनि आफूलाई भन्न सक्दैनन् । संन्यासीहरू शिवोहम् भन्छन्, उनीहरूले त बाबालाई याद पनि गर्न सक्दैनन् । बाबालाई नै जान्दैनन् । बाबासँग प्रीत नै हुँदैन । प्रीत र विप्रीत यो प्रवृत्ति मार्गको लागि हो । कुनै बच्चाहरूको बाबासँग प्रीत बुद्धि हुन्छ, कसैको विप्रीत बुद्धि पनि हुन्छ । तिमीमा पनि यस्ता छन् । बाबासँग प्रीत उनको हुन्छ, जो बाबाको सेवामा तत्पर छन् । बाबा बाहेक अरू कसैसँग प्रीत हुन सक्दैन । शिव बाबालाई नै भन्दछन्– बाबा हामी त हजुरकै सहयोगी हौं । ब्रह्माको यसमा कुरा छैन । शिवबाबाका साथमा जुन आत्माहरूको प्रीत हुन्छ उनीहरू अवश्य सहयोगी हुन्छन् । शिवबाबाका साथमा उनीहरूले सेवा गरिरहन्छन् । प्रीत छैन भने विप्रीत हुन्छन्, विप्रीत बुद्धि विनशन्ती । जसको बाबासँग प्रीत हुन्छ उनीहरू सहयोगी पनि बन्छन् । जति प्रीत त्यति सेवामा सहयोगी पनि बन्छन् । याद नै गर्दैनन् भने प्रीत छैन । फेरि देहधारीसँग प्रीत हुन पुग्छ । मनुष्यले मनुष्यलाई आफ्नो स्नेहको चिनो पनि दिन्छन् नि । त्यो अवश्य याद आउँछ ।

अहिले तिमी बच्चाहरूलाई बाबाले अविनाशी ज्ञान रत्नको उपहार दिनुहुन्छ, जसबाट तिमीले राजाई प्राप्त गर्छौ । अविनाशी ज्ञान रत्नको दान गर्छन् भने प्रीत बुद्धि हुन् । जान्दछन्– बाबा सबैको कल्याण गर्न आउनुभएको छ, हामी पनि सहयोगी बन्नु छ । यस्ता प्रीत बुद्धि नै विजयन्ती हुन्छन् । जो याद नै गर्दैनन् ती प्रीत बुद्धि होइनन् । बाबासँग प्रीत हुन्छ, याद गर्छन् भने विकर्म विनाश हुन्छ र अरूलाई पनि कल्याणकारी बाटो बताउँछन् । तिमी ब्राह्मण बच्चाहरूमा पनि प्रीत र विपरीतको आधार हुन्छ । बाबालाई धेरै याद गर्छन् अर्थात् प्रीत गर्छन् । बाबा भन्नुहुन्छ– मलाई निरन्तर याद गर, मेरा सहयोगी बन । रचनालाई एक रचयिता बाबा नै याद रहनुपर्छ । कुनै पनि रचनालाई याद गर्नु छैन । दुनियाँमा त रचयितालाई कसैले जान्दैनन्, न त याद गर्छन् । संन्यासीहरूले पनि ब्रह्मलाई याद गर्छन्, त्यो पनि रचना नै हो । रचयिता त सबैका एकै हुनुहुन्छ नि । अरू जति पनि चीजहरू यी आँखाले देख्छौ ती सबै हुन् रचना । जो देख्न सकिदैन ती हुन् रचयिता बाबा । ब्रह्मा, विष्णु, शंकरका पनि चित्र छन् । ती पनि रचना हुन् । बाबाले जुन चित्र बनाउनको लागि भन्नुभएको छ त्यसको माथि लेख्नुपर्छ परमपिता परमात्मा त्रिमूर्ति शिव भगवानुवाच । हुन त कसैले आफूलाई भगवान् भन्लान् तर

परमपिता भन्न सक्दैनन् । तिम्रो बुद्धियोग छ शिवबाबासँग, न कि शरीरसँग । बाबाले सम्झाउनुभएको छ– आफूलाई अशरीरी आत्मा सम्झेर म बाबालाई याद गर । प्रीत र विप्रीतको सारा आधार हुन्छ सेवामा । राम्रो प्रीत छ भने बाबाको सेवा पनि राम्ररी गर्नेछन्, तब विजयी (विजयन्ती) भनिन्छ । प्रीत छैन भने सेवा पनि हुँदैन । फेरि पद पनि कम । कम पद पाउनेलाई भनिन्छ उँच पदबाट विनशन्ती । हुन त विनाश सबैको हुन्छ नै, तर यो विशेष प्रीत र विप्रीत को कुरा हो । रचयिता बाबा त एउटै हुनुहुन्छ, उहाँलाई नै शिव परमात्माए नमः भनिन्छ । शिवजयन्ती पनि मनाउँछन् । शंकर जयन्ती कहिल्यै सुनेका छैनौ । प्रजापिता ब्रह्माको पनि नाम प्रसिद्ध छ, विष्णुको जयन्ती मनाउँदैनन् । कृष्णको मनाउँछन् । यो पनि कसैलाई थाहा छैन– कृष्ण र विष्णुमा के फरक छ ? मनुष्यहरूको हुन्छ विनाश कालमा विप्रीत बुद्धि । त्यस्तै तिमीहरूमा पनि प्रीत र विप्रीत बुद्धि छन् नि । बाबा भन्नुहुन्छ– तिम्रो यो रूहानी धन्धा त धेरै राम्रो छ । बिहान र बेलुका यस सेवामा लाग । बेलुकी ६ देखि ७ सम्मको समय राम्रो भनिन्छ । सतसङ्ग आदि पनि बेलुकी र बिहान गर्छन् । रातमा त वायुमण्डल खराब हुन्छ । रातमा आत्मा स्वयं शान्तिमा जान्छ, जसलाई निद्रा भनिन्छ । फेरि बिहानै ब्यूँझिन्छ । भनिन्छ पनि– राम सिमर प्रभात मोरे मन । अब बाबाले बच्चाहरूलाई सम्झाउनुहुन्छ– म बाबालाई याद गर । शिवबाबा जब शरीरमा प्रवेश गर्नुहुन्छ तब त भन्नुहुन्छ– मलाई याद गऱ्यौ भने विकर्म विनाश हुन्छ । तिमी बच्चाहरूले जान्दछौ– हामीले बाबालाई कति याद गर्छौं ? कति रूहानी सेवा गर्छौं ? सबैलाई यही परिचय दिनु छ– आफूलाई आत्मा सम्झेर बाबालाई याद गरौं तब हामी तमोप्रधानबाट सतोप्रधान बन्नेछौं । मैला निस्किन्छ । प्रीत बुद्धिमा पनि प्रतिशत हुन्छ । बाबासँग प्रीत छैन भने अवश्य आफ्नो देहमा प्रीत छ वा मित्र सम्बन्धी आदिमा प्रीत छ । बाबासँग प्रीत छ भने सेवामा लाग्ने छन् । बाबासँग प्रीत छैन भने सेवामा पनि लाग्दैनन् । कसैलाई पनि केवल अल्फ (बाबा) र बे (बादशाही) को रहस्य सम्झाउन त धेरै सरल छ । हे भगवान्, हे परमात्मा भनेर याद गर्छन् तर उहाँलाई बिलकुल जान्दैनन् । बाबाले सम्झाउनुभएको छ– हरेक चित्रमा माथि परमपिता त्रिमूर्ति शिव भगवानुवाच अवश्य लेख्नुपर्छ तब कसैले केही पनि भन्न सक्दैनन् । अहिले तिमी बच्चाहरूले आफ्नो कलमी लगाइरहेका छौ । सबैलाई मार्ग बताऊ तब बाबाको पासमा आएर वर्सा लिन सक्छन् । बाबालाई त जान्दैनन्, यसैले प्रीत बुद्धि छैनन् । पाप बढ्दा-बढ्दा एकदम तमोप्रधान बनेका छन् । बाबासँग प्रीत उनको हुन्छ जसले धेरै याद गर्छन् । उनीहरूको नै सतोप्रधान (गोल्डन एज) बुद्धि हुन्छ । यदि अरूतिर बुद्धि भड्किन्छ भने तमोप्रधान नै रहन्छन् । बस्न त सामुन्ने बसेका छन् तर पनि प्रीत बुद्धि भनिदैन किनकि याद नै गर्दैनन् । प्रीत बुद्धिको निशानी हो याद । उनले धारणा गर्छन्, अरूलाई पनि दया गर्छन् । भन्छन्– बाबालाई याद गऱ्यौं भने पावन बन्छौं । यो जसलाई पनि सम्झाउन धेरै सरल छ । बाबाले स्वर्गको बादशाहीको वर्सा बच्चाहरूलाई नै दिनु हुन्छ । अवश्य शिवबाबा आउनुभएको थियो तब त शिवजयन्ती पनि मनाउँछन् नि । कृष्ण, राम आदि सबै पहिला थिए त्यसैले त मनाउँदै आएका छन् नि । शिवबाबालाई पनि याद गर्छन् किनकि उहाँ आएर बच्चाहरूलाई विश्वको बादशाही दिनुहुन्छ, नयाँ कसैले पनि यी कुरा बुझ्न सक्दैनन् । भगवान् कसरी आएर वर्सा दिनुहुन्छ, बिल्कुल पत्थरबुद्धि नै छन् । याद गर्ने बुद्धि नै हुँदैन । बाबा स्वयं भन्नुहुन्छ– तिमी आधा कल्पका आशिक (प्रेमिका) हौ । म अहिले आएको छु । भक्तिमार्गमा तिमीले कति ठक्कर खान्छौ । तर भगवान् त कसैलाई मिल्नु भएन । अहिले तिमी बच्चाहरू सम्झन्छौ– बाबा यहाँ आउनुभएको थियो र मुक्ति-जीवनमुक्तिको मार्ग बताउनुभएको थियो । कृष्णले त यो मार्ग बताउँदैनन् । भगवान्सँग प्रीत कसरी जुट्छ यो कुरा दुनियाँलाई बाबाले नै आएर सिकाउनुहुन्छ । बाबा भारतमा नै आउनुहुन्छ । शिवजयन्ती मनाउँछन् । तिमी बच्चाहरूले जान्दछौ– सर्वोच्च हुनुहुन्छ नै भगवान् । उहाँको नाम हो शिव । त्यसैले तिमी लेख्दछौ शिवजयन्ती नै हीरातुल्य जयन्ती हो, बाँकी सबैका जयन्ती हुन् कौडीतुल्य । यस्तो लेख्यो भने रिसाउँछन् त्यसैले हरेक चित्रमा यदि शिव भगवानुवाच भन्यौ भने तिमी सुरक्षित रहन्छौ । कुनै-कुनै बच्चाहरूले पूरा बुझ्दैनन् त्यसैले रिसाउँछन् । मायाको ग्रहचारीले पहिलो युद्ध बुद्धिमा नै गर्छ । बाबाबाट नै बुद्धियोग तोडिदिन्छ, जसबाट एकदम माथिबाट तल गिर्छन् । देहधारीहरूसँग बुद्धियोग अटकिन्छ

त्यसैले बाबासँग विप्रीत भए नि । तिमीले प्रीत राख्नुपर्छ एक विचित्र विदेही बाबासँग । देहधारीसँग प्रीत राख्नु हानिकारक हो । बुद्धि माथिबाट टुट्यो भने एकदम तल खस्छन् । हुन त यो अनादि बनि-बनाऊ ड्रामा हो फेरि पनि सम्झाउनु त हुन्छ नै । विप्रीत बुद्धिबाट त मानौं दुर्गन्ध आउँछ, नाम-रूपमा फँसेको । नत्र भने सेवामा खडा हुनुपर्ने हो । बाबाले हिजो पनि राम्ररी सम्झाउनुभयो– मुख्य कुरा हो नै गीताका भगवान् को हुनुहुन्छ ? यसमा नै तिम्रो विजय हुनु छ । तिमी सोध्दछौ– गीताका भगवान् शिव वा श्रीकृष्ण ? सुख दिनेवाला को हुनुहुन्छ ? सुख दिने त शिव हुनुहुन्छ त्यसैले उहाँलाई नै भोट (मत) दिनुपर्छ । उहाँको नै महिमा हो । अब भोट देऊ गीताका भगवान् को हुनुहुन्छ ? शिवलाई भोट दिनेलाई भनिन्छ प्रीत बुद्धि । यो त धेरै ठूलो निर्वाचन (इलेक्शन) हो । यी सबै युक्तिहरू उनको बुद्धिमा आउँछ जसले सारा दिन विचार सागर मन्थन गरिरहन्छन् ।

कति बच्चाहरू चल्दा-चल्दै रिसाउँछन् । उत्तिखेरै देख्दा प्रीत हुन्छ, उत्तिखेरै देख्दा प्रीत टुटेको हुन्छ । रिसाउँछन् । कुनै कुरामा रिसाए भने कहिल्यै याद पनि गर्दैनन् । चिट्ठी पनि लेख्दैनन् अर्थात् प्रीत छैन । त्यसैले बाबाले पनि ७-८ महिना चिट्ठी लेख्नुहुन्न । बाबा कालहरूका पनि काल हुनुहुन्छ नि ! साथमा धर्मराज पनि हुनुहुन्छ । बाबालाई याद गर्ने फुर्सद हुँदैन भने तिमीले के पद पाउँछौ । पद भ्रष्ट हुनेछ । शुरूमा बाबाले बडो युक्तिले पद बताउनुभएको थियो । अहिले तिनीहरू कहाँ छन् र ! अब त फेरि माला बन्नु छ । सेवाधारीको त बाबाले पनि महिमा गरिरहनुहुन्छ । जो स्वयं बादशाह बन्छन् उनीहरूले भन्छन् हाम्रा साथी पनि बनून् । यिनीहरूले पनि हामीले जस्तै राज्य गरून् । राजालाई अन्न दाता, माता-पिता भनिन्छ । अब माता त हुन् जगत् अम्बा, उनीद्वारा तिमीलाई अथाह सुख मिल्छ । तिमीले पुरुषार्थद्वारा उँच पद प्राप्त गर्नु छ । दिन प्रतिदिन तिमी बच्चाहरूलाई थाहा हुँदै जान्छ– को-को के बन्छन् ? सेवा गर्छन् भने बाबाले पनि उनलाई याद गर्नुहुन्छ । सेवा नै गर्दैनन् भने बाबाले किन याद गर्ने ! बाबाले याद ती बच्चाहरूलाई गर्नुहुन्छ जो प्रीत बुद्धि हुन्छन् ।

यो पनि बाबाले सम्झाउनुभएको छ– कसैले दिएको चीज लगायौ भने उनको याद अवश्य आउँछ । बाबाको भण्डारबाट लियौ भने शिवबाबा नै याद आउँछ । बाबाले स्वयं अनुभव बताउँछन् । याद अवश्य आउँछ त्यसैले कसैले दिएको चीज राख्नु हुँदैन । अच्छा !

मीठे-मीठे सिकीलधे बच्चाहरूप्रति माता-पिता बापदादाको यादप्यार एवं गुडमर्निङ्ग । रूहानी बाबाको रूहानी बच्चाहरूलाई नमस्ते । रूहानी बच्चाहरूको रूहानी बाबालाई गुडमर्निङ्ग, नमस्ते ।

धारणाको लागि मुख्य सारः–

१) एक विदेही विचित्र बाबासँग दिलको सच्चा प्रीत राख्नु छ । सधैं ध्यान रहोस्– मायाको ग्रहचारीले कहिल्यै बुद्धिमा युद्ध नगरोस् ।

२) कहिल्यै पनि बाबासँग रिसाउनु हुँदैन । सेवाधारी बनेर आफ्नो भविष्य उच्च बनाउनु छ । कसैले दिएको चीज आफूसँग राख्नु हुँदैन ।

वरदानः– मास्टर ज्ञान सागर बनेर ज्ञानको गहिराइमा जाने अनुभव रूपी रत्नबाट सम्पन्न भव

जो बच्चाहरू ज्ञानको गहिराइमा जान्छन् उनीहरू अनुभवरूपी रत्नबाट सम्पन्न बन्छन् । एउटा हुन्छ ज्ञान सुन्नु र सुनाउनु, अर्को हुन्छ अनुभवी मूर्त बन्नु । अनुभवी सधैं अविनाशी र निर्विघ्न रहन्छ । उनलाई कसैले पनि विचलित गराउन सक्दैनन् । अनुभवीको अगाडि मायाको कुनै पनि कोसिस सफल हुँदैन । अनुभवीले कहिल्यै पनि धोका खान सक्दैन । त्यसैले अनुभवलाई बढाउँदै हरेक गुणको अनुभवी मूर्त बन । मनन शक्तिद्वारा शुद्ध संकल्पको भण्डार (स्टक) जम्मा गर ।

स्लोगनः– फरिश्ता ऊ हो जो देहको सूक्ष्म अभिमानको सम्बन्धबाट अलग हुन्छ ।